# नेपालको राज्यसत्ता र शासनसत्ता सञ्चालनमा घर्ती/भुजेलहरूले पुऱ्याएको योगदान : एक अध्ययन

**विष्णु घर्ती 'भनभनेली'**
मदाने गाउँपालिका वडा नं. ७, भनभने, गुल्मी
त्रि.वि. शोधार्थी (राजनीतिशास्त्र)
Mail : gharti.bg@gmail.com

Received Date : Dec. 13, 2025 Reviewed Date : Jan. 09, 2026 Accepted Date : Feb. 12, 2026

## लेखसार

*निश्चित सीमाभित्रको क्षेत्रमा कसैको शासन कायम हुनुलाई राज्य भनिन्छ भने शासन भनेको शक्तिको बलमा त्यो राज्यमा आफ्नो आधिपत्य जमाउनु हो । करिब पाँच हजार वर्ष पहिलेदेखि नै राज्यसत्ताको व्यवस्थित रूपमा विकास भएको पाइन्छ । शासन सञ्चालन हुने क्रममा सुरुसुरुमा जातीय राज्यहरू बने । सानाठूला ती जातीय राज्यहरू आ-आफ्नै प्रक्रियामा विकास र विस्तार हुँदै भए । बलियोले कमजोरलाई आक्रमण, अतिक्रमण र अधिनस्थ बनाउँदै गएपछि एकल जातीय राज्यबाट बहुजातीय राज्यमा शासन सञ्चालन गर्ने प्रक्रियाहरूको विकास भयो । यसै सन्दर्भमा नेपालमा सात सय वर्ष अधिसम्म घर्ती, भुजेलहरूले राज्य गरेको भुजी राज्य हालको बाग्लुङ्ग जिल्ला ढोरपाटन नगरपालिकामा पर्दछ । साविकको बोवाङ् र अर्नाकोट देउरालीमा वि.सं. १३७२ सम्म २२ पुस्तासम्म घर्ती/भुजेलहरूले राजकाज चलाएको इतिहास साक्षी छ । अहिले राष्ट्रियस्तरमा चलेका विभिन्न शासन वा राजकाजमा पनि यस जातिका मान्छेहरू उच्च स्थानमा रहेर राज्य सञ्चालनमा योगदान गरेको पाइन्छ । नेपालका आदिवासी जनजाति अन्तर्गत सिमान्तकृत, अल्पसङ्ख्यक र छरिएर रहेको जाति वा समुदाय घर्ती/भुजेल हो । यस जातिका बारेमा अध्ययन गर्दा घर्ताखोलाबाट घर्ती र भुजीखोलाबाट भुजेल कहलाएको इतिहास भेटिन्छ । यस जातिको नेपालमा मात्रै तीन लाख बढी जनसंख्या रहेको आँकलन गरिएको छ । यिनीहरूले आजसम्मका विभिन्न शासन तथा राज्यसत्तामा पुऱ्याएको योगदानको अवस्थालाई थप प्रष्ट पार्ने प्रयोजनार्थ प्रस्तुत विषय केन्द्रीत रहेको छ । यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक डिजाइनमा आधारित रहेको छ । प्राथमिक तथ्यहरू केही अन्तर्वार्ता, समूहगत छलफल र फोन सम्वादमार्फत संकलन गरिएको छ भने द्वितीयक तथ्य, तथ्याङ्कहरू सम्वद्ध सरकारी निकायका प्रतिवेदन, विभिन्न दस्तावेज र सम्बन्धित प्रकाशनहरूबाट प्राप्त गरिएको छ । गुणात्मक तथ्य वा विवरणका सन्दर्भमा विषयगत विश्लेषण र परिमाणात्मक तथ्यहरूमा वर्णनात्मक एवम् तुलनात्मक तथ्याङ्कीय विधिको प्रयोग गरिएको छ । त्यस्तै नैतिक मान्यताअनुसार यस खोजमा संलग्न सहभागीहरूको गोपनीयता सुनिश्चित गरिएको छ ।*

***शब्दकुञ्जी*** : घर्ती/भुजेल, भुजीराज्य, राजकाज, राज्यसत्ता, शासन सञ्चालन ।

## परिचय

राज्यलाई शासन सञ्चालन गर्ने प्रणालीगत एक समग्र संगठनको रूपमा लिन सकिन्छ । त्यसैगरी राज्यलाई कुनै एउटा देशभित्रको प्रदेश वा राज्यजस्ता राजनैतिक प्रशासनिक इकाइको रूपमा पनि लिन सकिन्छ । राज्य भन्नाले त्यो संगठन हो, जसभित्र देश हुन्छ, भूगोल हुन्छ, समाज, नागरिक, सार्वभौमिकता र सरकार हुन्छ । राज्य व्यवस्थाको उद्धेश्य देश र नागरिकहरूको सुरक्षा गर्नु तथा सामाजिक र आर्थिक विकास गर्नु रहेको हुन्छ जसलाई शासन प्रणाली पनि भनिन्छ । हरेक देशले संविधानमा नै राज्य व्यवस्था कसरी संचालन गर्ने भन्ने विषय उल्लेख गरेको हुन्छ । यसका लागि राज्यले विधि-विधान, नीति-नियम, ऐन-कानून निर्माण गरी कार्यान्वयन गरेका हुन्छन् । यसमा राज्यका सरकारका निकायहरू, न्यायिक निकायहरू र व्यवस्थापिका संसद क्रियाशील रहन्छन् ।

राज्य सञ्चालनको चक्रमा राजनीति मूख्य तत्त्वको रूपमा सर्वत्र स्वीकारीएकै छ । यसैको प्रभावमा अन्य तत्वहरूको निर्धारण हुने गर्दछ । शासनसत्तामा सही खालको सकारात्मक परिवर्तन भएको खण्डमा राज्य र समाजको मुहार नै उज्ज्वल हुन्छ । अझ त्यसमा समावेशीता झल्कियो भने सुनमा सुगन्ध नै हुने गर्दछ । त्यसमा पूर्णता प्रदान गर्नका लागि हरेक क्षेत्रको समावेशीताको अपरिहार्य देखिन्छ । परिवर्तन आफैमा गतिशील शब्द हो । समाजमा धैरै खालका उथलपुथल ल्याउने भनेको राजनैतिक परिवर्तनले हो । नेपालमा विभिन्न प्रकारका राज्यसत्ताहरू चल्दै र ढल्दै आएको देखिन्छ । मानव सभ्यताको विकासक्रमसँगै आ-आफ्नो जातजातिको वंशगत रूपमा आफ्नै खाले राजकाज सञ्चालन गर्दै आएको पाइन्छ । नेपालको ऐतिहासिक कालखण्डमा विभिन्न वंशीय शासन व्यवस्था चल्दै आएको पाइन्छ । जस्तैः गोपाल, अहिर, किराँत, लिच्छवी, मल्ल, बाइसी, चौबिसी, शाह, राणा आदि । यसैगरी विभिन्न शासन व्यवस्थाहरूमा पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आदि चल्दै आउदासम्म यस जातिका मान्छेहरूको योगदान उल्लेख्य रूपमा देख्न सकिन्छ । घर्ती/भुजेल जाति आफ्नै खाले स्वतन्त्र भाषा, संस्कृति, धर्म र रीतिरिवाज भएको जनजाति भएकोले यसको ऐतिहासिक योगदानको आधारमा आजको यथार्थ पहिचानका बारेमा सबै समुदायले बुझ्नुपर्ने हुन्छ ।

## साहित्यिक समीक्षा

राज्यसत्ता र शासनसत्ताको अवधारणालाई म्याक्स वेवर (१९७८) ले राज्यको वैध अधिकार र संस्थागत संरचनासँग जोड्दै व्याख्या गरेका छन् । नेपालका सन्दर्भमा बराल (२०१२) ले राज्य निर्माण र शासन प्रणालीको ऐतिहासिक तथा संरचनागत विकासको विश्लेषण गरेका छन् । त्यसैगरी संघीय संरचनापछि स्थानीय शासनको भूमिकाबारे अधिकारी (२०२०) ले विकेन्द्रीकरण र सेवाप्रवाहका पक्षहरू उजागर गरेका छन् । आदिवासी जनजाति समावेशीकरणका बारे लामा (२०१४) ले राजनीतिक सहभागिता र नीतिगत पहुँचको महत्त्व औँल्याएका छन् भने UNDP (2015) का प्रतिवेदनहरूले समावेशी स्थानीय शासन र नागरिक सहभागिताले नीति प्रभावकारिता बढाउने देखाएका छन् । यद्यपि, उपलब्ध सामग्रीहरू प्रायः समग्र जनजाति समुदायमा केन्द्रित रहेको र घर्ती/भुजेल समुदायको ऐतिहासिक, प्रशासनिक तथा राजनीतिक योगदानलाई केन्द्रमा राखी गरिएको विशिष्ट,

समुदाय–केन्द्रित र तुलनात्मक अध्ययनको अभाव देखिन्छ, जसले यस अध्यनको प्रमुख अन्तरलाई स्पष्ट गर्दछ। यस अध्ययनमा जातीय/सामुदायिक नेतृत्व वा सहभागिता र शासन संरचना महत्त्वपूर्ण विषयहरू मानिन्छन्।

नेपालको संविधानमा मौलिक हक र कर्तव्य अन्तर्गत राज्यले नागरिकहरूबीच भेदभाव गर्ने छैन भनी धारा १८ मा उल्लेख गरिएको छ। जहाँ राज्यले सामान्य कानुनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनिएको छ। यसैगरी सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका लक्षित वर्ग, समुदाय वा नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्नेछ भनिएको छ। नेपालको राजनीतिक र सामाजिक संरचनामा विभिन्न जातीय, सांस्कृतिक र भाषिक समुदायहरूको योगदान रहेको छ। तीमध्ये घर्ती/भुजेल समुदाय नेपालको पहाडी तथा मध्यपहाडी क्षेत्रका आदिवासी/जनजाति समुदायमध्ये पर्छ, जसको ऐतिहासिक भूमिकाले राज्य र शासन सञ्चालनको सन्दर्भमा विशिष्ट स्थान ओगटेको छ। विगतमा स्थानीय शासन व्यवस्था र सामुदायिक निर्णय प्रक्रियामा उनीहरूको संलग्नता पाइए तापनि केन्द्रीय शासनमा सहभागिता सिमित थियो। तर, गणतन्त्र स्थापना भएपछि समावेशिताको सिद्धान्तले यिनीहरूको प्रतिनिधित्वमा उल्लेखनीय रूपमा सुधार ल्याएको देखिन्छ (Bhattachan, 2015)।

घर्ती/भुजेल समुदाय पनि इतिहासमा स्थानीयस्तरमा शासन, सुरक्षा, भूमिसम्बन्धी व्यवस्थापन र सामाजिक संगठनका विभिन्न तहमा संलग्न रहेको देखिन्छ। इतिहासकारहरूले घर्तीहरूलाई पश्चिम नेपाल (रोल्पा, रुकुम, प्युठान, गुल्मी, बाग्लुङ, सल्यान आदि क्षेत्र) मा स्थानीय मुखिया, थरगत प्रमुख वा अगुवाको रूपमा व्याख्या गरेका छन्। कतिपय लोककथन तथा मौखिक इतिहास अनुसार घर्तीहरूले गाउँ/क्षेत्रीय प्रशासनमा सुरक्षा, न्यायिक काम र भूमिसम्बन्धी व्यवस्थापनमा अहम् भूमिका खेलेका थिए (शाह, २०५५; रिजाल, २०६२)। समाजशास्त्रीय साहित्यले घर्तीहरूलाई स्थानीय शक्ति संरचनाको मध्यवर्ती तहको रूपमा लिन्छ। यस दृष्टिले उनीहरू गाउँ समाजमा परम्परागत कानुन, विवाद समाधान र सांस्कृतिक नियम कार्यान्वयन गर्ने भूमिकामा सक्रिय देखिन्छन् (गुरुङ, २०१०)। राजनीति विज्ञानको अध्ययनले घर्तीहरूको शासनमा सहभागिता अनौपचारिक संस्थागत संरचना अन्तर्गत राख्छ। राज्यस्तरमा औपचारिक संरचना नभए तापनि स्थानीय सत्ता अभ्यासमा उनीहरूको प्रभावले माइक्रो-गवर्नेन्स (गाउँ, टोल, समुदाय वा स्थानीय स्तरमा हुने शासन सञ्चालन) को स्वरूप देखाउँछ। यसले नेपालमा राज्य निर्माणको बहुस्तरीयता र परम्परागत शासन संरचनाको महत्त्वलाई थप प्रस्ट पार्छ (भट्टराई, २०१८)। आजको समयमा घर्ती/भुजेलहरूको ऐतिहासिक योगदानलाई समुदायगत राजनीतिक पहिचान, स्थानीय नेतृत्व र संघीय संरचनामा सहभागितामार्फत निरन्तरता दिइएको देखिन्छ। यसरी उनीहरूले शासन र राज्य सञ्चालनमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा नेतृत्व, विवाद समाधान र सामुदायिक व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

## समस्याको कथन

राज्य सञ्चालनको इतिहासलाई हेर्दा सिमित वंश, वर्ग, जातजाति वा समूहको वरिपरि घुमेको पाइन्छ । विगतका शासन व्यवस्थाहरूमा हुनेखाने र सम्पन्न समूहलाई छाडेर अपवादबाहेक अल्पसंख्यक वा सिमान्तकृत तथा लोपोन्मुख समुदायलाई खासै साथमा लिएको पाइदैन । यद्धपि विभिन्न शासन र प्रशासनका निकायहरूमा आदिवासी/जनजातिहरूको योगदानलाई धेरैजसो सुरक्षाको पक्षमा सहभागी गराइएको पाइन्छ भने नीति निर्माणको क्षेत्रमा कम मात्रै रहेको देखिन्छ । यस खालका विषयमा खास महत्त्वका साथ उजागर नगरी नहुने अवस्था आइसकेको छ । सरकारबाट सूचिवद्ध ५९ आदिवासी/जनजातिमा घर्ती/भुजेल उल्लेख गरिएको भए तापनि यसको बारेमा विस्तृत ढङ्गले उजागर गरिएको पाइँदैन । घर्तीलाई मगर, क्षेत्री, खसलगायतमा समाहित पार्न खोजिएकोले राज्यसत्तामा घर्तीको यथार्थ पहिचान के कस्तो अवस्थामा छ र अबका दिनमा के कस्तो रहनुपर्छ भन्ने अवगत गराउन जरुरी भइसकेको छ । नीति निर्माता तथा कार्यान्वयनकर्ताहरूलाई यस देशको राज्य वा शासन सञ्चालनमा घर्ती/भुजेलहरूको ऐतिहासिक भूमिका र वर्तमानमा अधिकतम मात्रामा सहभागी गराउँदै जादा पर्ने सकारात्मक प्रभावका बारेमा विस्तृत रूपमा जानकारी दिनुपर्ने भएकोले यो खोजलाई अगाडि बढाएको हो । यसरी अहिलेसम्म नेपालको राज्यसत्ता र शासनसत्ता सम्बन्धी अध्ययनहरू प्रायः ठूलो संख्या वा सत्ताको नजिकमा भएका जातीय वा वर्गीय दृष्टिकोणमा केन्द्रित रहेका छन् । तर घर्ती/भुजेल समुदायको ऐतिहासिक, स्थानीय, प्रशासनिक तथा राजनीतिक योगदानलाई समुदाय-केन्द्रित रूपमा विश्लेषण गर्ने व्यवस्थित र प्रामाणिक अनुसन्धानको अभाव देखिन्छ । विशेषगरी संघीय संरचनापछिको शासन प्रणालीमा उनीहरूको सहभागिता, नीतिगत पहुँच, नेतृत्व भूमिका आदिमा परेको प्रभावबारे सूक्ष्म अध्ययन नहुनु एक प्रमुख अनुसन्धान अन्तर हो ।

## अनुसन्धानको उद्देश्य

यस अध्ययनका लागि नेपाल राज्यमा विगतदेखि वर्तमानसम्मको विभिन्न प्रकारका राज्य व्यवस्था एवम् शासन सञ्चालनका संयन्त्र वा संरचनामा घर्ती/भुजेल समुदायको योगदान, सहभागिता, समावेशिता, जनसंख्या, अरूप्रतिको सोचाई, बुझाई, लगाव, झुकाव आदि बारेमा प्रष्ट रूपमा उल्लेख नभएको पाइएकोले थप उजागर गर्नका लागि यस अध्ययनमा राज्यसत्तामा घर्ती/भुजेलहरूको सहभागिता वा समावेशिताको सन्दर्भमा विगतदेखि हालसम्मको स्थितिका बारेमा सक्दो तथ्याङ्क र तथ्यहरू प्रस्तुत गरी विश्लेषण गर्ने, राज्य सञ्चालनमा विगतका विभिन्न क्रियाकलापहरूमा घर्ती/भुजेलहरूको उपस्थिति र योगदानलाई नियाल्दै पछाडि पर्नाका कारण पत्ता लगाउने र शासन तथा प्रशासन सञ्चालनमा यस जातिको सहभागिता र सामाजिक सद्भावको एकतालाई जोड दिदै भोलिका कर्णधारका लागि हरेक क्षेत्रमा गौरव गर्न सक्नेगरी उचित वातावरण सिर्जना गर्ने मूख्य उद्देश्यहरू राखिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा मिश्रित विधि अपनाइएको छ, जसमा गुणात्मक र परिमाणात्मक दुवै प्रकारका तथ्यहरू प्रयोग गरिन्छ । यसको लागि विशेषगरी वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान र अवधारणागत वा अनुभवजन्य अनुसन्धानमा केन्द्रीत रहदै व्यवहारिक अनुसन्धानलाई समेत प्रयोग गरि यस जातिसँग सम्बन्धित केही ऐतिहासिक तथ्यहरूलाई केलाउने काम गरिएको छ । विभिन्न कालखण्डका राज्य/शासनको क्रममा घर्ती/भुजेलहरूको योगदान, सहभागिता र भूमिका तथा परिवर्तन हुँदै आएका शासनका स्वरूपहरूमा यस जातिको सहभागिता र प्रभावको अवस्थालाई मूख्य नमूनाको रूपमा लिइएको छ । यस अध्ययनका लागि आवश्यक सूचनाहरूको स्रोतका रूपमा वर्तमान समयमा उपलब्ध गुगल खोजलाई लिइएको छ । त्यसैगरी पुस्तकालय तथा बजारमा उपलब्ध विभिन्न कृतिहरूका साथै तहगत सरकारहरूसँग सम्बन्धित कानुन तथा नीति नियमहरूलाई आधार मानिएको छ । त्यसैगरी सम्वद्ध मन्त्रालय, आयोग र निकायका प्रतिवेदनहरू एवम् प्रवुद्ध नागरिकहरूसँगको प्रत्यक्ष भेटघाट तथा फोन सम्वाद गरिएको छ । त्यसैगरी यस कार्यका लागि विशेष गरी द्वितीयक विधिलाई बढिमात्रामा प्रयोग गरिएको छ भने प्राथमिक विधिलाई पनि आवश्यकता अनुसार उपयोग गरिएको छ । यहाँ उपयुक्त तथ्याङ्कलाई सकेसम्म आधिकारिक हिसाबले प्रकाशन भएका विवरणलाई राखिएको छ । प्रस्तुत अध्ययनको निमित्त सङ्कलित तथ्याङ्क सामग्रीको आवश्यकता अनुसार प्रस्तुत गर्दै व्याख्यात्मक/वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## राज्य/शासन सञ्चालनमा घर्ती/भुजेलहरूको योगदान

कुनै राजा वा शासन सत्ताका अधीनमा रहेको देश, मुलुक, राष्ट्र वा कुनै ठूलो राष्ट्र अन्तर्गत स्वायत्त शासनको अधिकार पाएको भाग वा प्रदेश वा राजाको काम, रजाइँ, शासनलाई राज्य भनिन्छ (नेपाली बृहत शब्दकोष, २०७७, पृ. १०९४) । यसरी तोकिएको निश्चित सीमाभित्रको क्षेत्रमा कसैको शासन कायम हुनुलाई राज्य भनिन्छ भने सत्ता भनेको शक्तिको बलमा त्यो राज्यमा शासन चल्नु हो । राज्य कुनै क्षेत्र विशेष हो भने सत्ता यसलाई टिकाउने बल हो । त्यसैले ‘राज्यसत्ता’ भनेको एक वर्गको राजनीतिक सत्ता कायम रहेको क्षेत्र/भूगोल विशेषलाई बुझिन्छ । सुरुमा कविलाहरूले आफ्नो समुहद्वारा लुटेर ल्याएको सम्पत्तिको रक्षा गर्दथे । सत्ता र शक्ति संघर्षको लागि मानिसहरूमा ठूला ठूला संघर्ष र युद्धहरू हुन थाले । जित्नेहरू शासक भए भने पराजित हुनेहरू शासित भए ।

शासनसत्तामा उच्च जातिका मान्छे बढि मात्रमा रहने परम्परा, जात वर्गीकरणको व्यवस्था, सामाजिक बनोट र व्यवहारमा रहेको कठोरता, छुवाछुत प्रथा आदिका कारणले यो जाति राज्य संरचनाका धेरै तहमा फैलन सकेन । यथार्थ इतिहासको प्रष्टता हुन नसक्नु वा त्यसबारेमा कम मात्रामा उल्लेख हुनु मूख्य कारण मान्न सकिन्छ । जस्तैः भुजी राज्यका बारेमा सामान्य इतिहासहरूमा खासै राम्ररी उल्लेख गरेको देखिदैन । वि. सं. १९१० सालको मुलुकी ऐन अनुसार जात वर्गीकरणमा मासिन्या, छोइछिटो हाल्नु नपर्ने आदि भनियो । यस प्रावधानले त्यो बेलाको

राज्यमा मार्न वा होच्याउन वा भगाउन सजिलो भयो सरकारलाई । यस कार्यले गर्दा आफ्नो जात भनेर हिडडुल र कामकाज गर्दा सहन र सुन्न चाहेनन् । बसेको ठाउँबाट अर्को ठाउँमा जाने र आफ्नो वास्तविक जात वा थर ढाट्ने र आफ्ना सांस्कृतिक चालचलन पनि गर्नलाई अप्ठेरो पर्ने अवस्थाले गर्दा पुस्ता विस्तार हुँदै जादा आफ्नोपन वा जातीय पहिचानका तत्त्वहरू हराउदै गएको बुझ्न सकिन्छ । त्यसैगरी दास प्रथा चलेको बेलामा सबै किसिमका मान्छेलाई दासदासी राख्ने गरेको भए तापनि यो जातिका मान्छे मात्र हुन् भन्ने गलत भाष्य राज्यसत्ताबाटै खडा गरिएकोले तत्कालीन समाजमा पनि सोही अनुसारको बुझाई रहेको पाइन्छ ।

**घर्ती/भुजेल र राज्य/शासन सञ्चालन**

राष्ट्रिय जनगणनाका प्रतिवेदनहरूका अनुसार सम्वत् २०५८ सालमा पहिलो पटक यस जातिको गणना सुरू गरिएको छ । त्यस वर्ष ५९ जिल्लामा १ लाख १७ हजार ५६८ जना उल्लेख गरिएको छ । त्यसैगरी २०६८ सालमा १ लाख १८ हजार ६५० अर्थात ०.५१% जनसंख्या रहेको छ । २०७८ सालको जनगणनामा १,२०,२४५ अर्थात ०.४१% रहेको देखिन्छ । यसमा खवासलाई छुट्टै राखिएको छ, जसको संख्या २२,५५१ अर्थात ०.०८% रहेको छ । तर, हाल नेपालमा यस समुदायको करिब तीन लाख बढी जनसंख्या रहेको अनुमान छ । यस तथ्यले यस जातिको यथार्थ सङ्ख्या अझै पनि आउन सकिरहेको छैन भन्न सकिन्छ ।

परम्परागत गाउँ पञ्चायत वा मुखिया प्रथामा घर्ती समुदायका अगुवा स्थानीय विवाद समाधान, कर संकलन र सामुदायिक कामहरूको नेतृत्व गर्थे (Regmi, 1978) । यो भूमिका प्रायः मौखिक परम्परा र स्थानीय अधिकारमा आधारित हुन्थ्यो । मध्यकालीन र शाहकालीन शासनमा जातीय-श्रेणी संरचनाले केन्द्रीय प्रशासनिक तहमा घर्तीहरूको प्रतिनिधित्व न्यून बनायो । उनीहरूको भूमिका अधिकतम रूपमा कृषि, श्रम र सैनिक सेवामा सीमित रह्यो (Gurung, 2006) । नेपाल एकीकरणको क्रममा केही घर्तीहरूले स्थानीय सैन्य समूहमा सहभागिता जनाए, जसलाई अप्रत्यक्ष शासन सञ्चालनमा गरेको योगदानको रूपमा लिन सकिन्छ । नेपाल राज्यमा चलेका विभिन्न शासन सत्ताको बर्णन गर्दा टुक्रे राज्यहरू पनि चलेको पाइन्छ । पश्चिमतर्फ चलेका बाइसी र गण्डकी क्षेत्रमा चलेका चौबिसी राज्यहरू, मुस्ताङ्मा चलेको विष्ट राज्य, पाल्पा/मकवानपुर क्षेत्रमा चलेको सेन राज्य, पूर्वी तराइमा चलेको डोय राज्य, पूर्वमा चलेको किराँत राज्य, कर्णालीमा चलेको खस राज्य आदिका बारेमा उल्लेख गरेको पाइन्छ भने यिनै राज्यभित्रका उपराज्यका रूपमा स-साना भुरेटाकुरे (थुम/मुख्खेली) राज्यहरू पनि चलेको पाइन्छ । तर, यस जातिले ८०० वर्ष बढी राज्य सञ्चालन गरेको भुजी राज्यमा घर्ती/भुजेल राजाहरू भएको, रूकुममा घर्ताकोट रहेको आदिका बारेमा खास जानकारी पाउन सकिदैन । यसरी हेर्दा त्यस बखतमा चलेको राज्यसताका अगुवाहरूको यस जातिप्रतिको हेराई तथा काम, कर्तव्यले गर्दा हालसम्मका कुनै पनि राज्यसत्ताहरूले वास्ता नगरी अगाडि बढेकोले हाम्रो सही इतिहास लेखिन सकेन भन्न सकिन्छ ।

यस जातिको उत्पत्तिको मूलथलो रुकुमको घर्तीकोट, घर्तीखोला (सिस्नेखोला) र बाग्लुङ्गको भुजीखोला (अर्नाकोट) नै हो (भुजेल जागरण, २०६२, पृ. ३१)। उक्त स्थानहरूमा घर्ती वा भुजेल वा खवास भनेर समान रूपमा चिनाउछन् भने पूर्वी नेपाल र भारतसम्म भुजेल तथा खवास भनी चिनाउछन्। गुल्मी र रुकुमका जाड्या राजाका सन्तान घर्तीमा परिवर्तन भएको विश्वास गरिन्छ। खासमा तक, शेरा, हुकाम, मैकोट हुँदै ढोरपाटन, भुजी उपत्यकामा फैलिएका घर्ती जाति नै यसरी भुजेलमा परिवर्तन भएका हुन् (भुजेल जागरण, २०६२, पृ. २७)। ऐतिहासिक सामग्रीको अध्ययनका क्रममा यस जातिका पूर्खाहरू राज्य सम्पन्न जाति भएको पाइन्छ। भुजी राज्य वा घर्तीकोट राज्यमा रुकुम, गुल्मी, पर्वत र बाग्लुङका भागहरू समेटिएकोले अहिले पनि यस क्षेत्रमा घर्तीहरूको बाक्लो बस्ती रहेको छ। त्यसैले यस जातिका पुर्खाहरूले रुकुम, ढोरपाटन, चारहजार पर्वत वरपर सञ्चालन गरेका राज्यहरू ज्यादै बलिया थिए (योन्जन र भुजेल, २०५८, पृ. ४१) भन्ने बुझिन्छ।

## भुजी राज्यको अवस्था

प्रारम्भिक अवस्थामै जातीय राज्यहरूको उदय भएको र समयक्रममा आक्रमण, अधिनस्थता र विस्तारका कारण बहुजातीय राज्यहरू बनेका देखिन्छन् (Regmi, 1978)। करिब पाँच हजार वर्षअघि निजी सम्पत्तिको सुरुवातसँगै राज्यसत्ताको व्यवस्थित विकास भएको उल्लेख पाइन्छ (Subba, 1999)। नेपालमा आदिवासी जनजातिहरूले आ-आफ्नो समयमा शासन सञ्चालन गरेका छन्। करिब सात सय वर्षअघि हालको बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा घर्ती र भुजेल समुदायले भुजी राज्य स्थापना गरी शासन गरेका ऐतिहासिक तथ्य भेटिन्छन् (गुरुङ, २०७५)। वि.सं. १३७२ सम्म भुजेलहरूले बाइस पुस्तासम्म राजकाज सञ्चालन गरेका प्रमाण स्थानीय अभिलेख र मौखिक इतिहासमा पाइन्छ (ढोरपाटन नगरपालिका, २०८०)। राजकुट नजिकैको अर्नाकोट पहिलेको भुजेल राजाहरूको कोत थियो (मेचीदेखि महाकाली, २०३१, पृ. ६७७)। उक्त शासनपश्चात पनि घर्ती/भुजेल समुदायले राष्ट्रिय शासनका संयन्त्र तथा संरचनामा योगदान पुऱ्याउँदै आएका छन्।

लिच्छवी कालका प्रतापी राजा मानदेव (वि.सं. ५२१–५६२) को शासन अवधिको सुरुवात हुँदाका बखतदेखि नै घर्ती/भुजेलको पनि भुजी राज्य आरम्भ भएको देखिन्छ भने मल्ल शासनका पालामा भुजेल राज्यको अन्त्य भएको पाइन्छ। वि.सं. १३७२ सम्म ढोरपाटनको अर्नाकोट, बोबाङ् र देउरालीमा भुजेल राजाहरूले बाइस पुस्तासम्म राज्य सञ्चालन गरेको इतिहास पाइएको छ (भुजेल जागरण, २०६२, पृ. २७)। राजकुट नजिकको अर्नाकोटमा पहिलेको भुजेल राजाहरूको कोत थियो (भुजेल जागरण, २०६२, पृ. ४८)। भुजेलहरूको राज्यमा गलकोट तथा रुकुम राज्यका संस्थापक राजा डुगरसिंह मल्ल समालका सन्ततिहरूद्वारा हमला भयो र भुजेलहरू पराजित भए (भुजेल जागरण, २०६२, पृ. २९)। अर्नाकोटमा अहिले पनि भुजेल राजाको दरबारको भग्नावशेष पाइन्छ। यस तथ्यले भुजेलहरू आफ्नो राज्य भएका, मौलिक जातिगत पहिचान बोकेका जाति/समूह थिए। त्यसबेला घर्ती, भुजेलहरू वैभवशाली, शक्ति सम्पन्न, सौर्य, पारखी, बुद्धिमानी रहेछन् भन्ने कुरा बुझिन्छ।

## घर्ती/भुजेल (पुस्तोल) राजाहरू

पछिल्लो समयमा यस जातिका बारेमा विभिन्न पक्ष, विषय र क्षेत्रमा विभिन्न क्षेत्रमा दक्षता र क्षमता भएका महानुभावहरूले फरक फरक कोणबाट खोज अनुसन्धानलाई अगाडि बढाइरहनु भएको अवस्था छ। यसै सिलसिलामा धरान, सुनसरी निवासी यस समाजका संस्थापक केन्द्रीय महासचिव, भुजेल संस्कार संस्कृति अध्ययन मञ्चका संस्थापक अध्यक्ष तथा भुजेल सम्बन्धी खोज अनुसन्धानदाता लक्ष्मण (थुसिरोङ फ्हुगाल) भुजेल (वर्ष ७१) ले कार्तिक २०७० सालमा ढोरपाटन भुजीखोला क्षेत्रको स्थलगत अध्ययन अवलोकन गर्नुभयो। यस क्रममा बाग्लुङ्ग जिल्ला साविक बोबाङ्ग गाविस वार्ड नं. ९ का विजुल घर्ती, वर्ष ४९ लगायतसँगका कागज, प्रमाणहरू र प्रवुद्ध स्थानीयहरूसँगको भालाकुसारीका आधारमा भुजेल जातिको थातथलो र राज्यको शासन व्यवस्था, राजाहरूको विवरण, त्यसबेला राज्य सञ्चालनको अवस्था र जनजातिहरूको राष्ट्रिय अन्तराष्ट्रिय स्थितका बारेमा उहाँले २०७८ सालमा *भुजेलका ऐतिहासिक पाइलाहरू* नामक पुस्तक प्रकाशन गर्नु भएको छ। यसै कृतिमा उल्लेख भएको तत्कालीन घर्ती/भुजेल राजाहरूको शासन काल देहायबमोजिम रहेको छ। साथै भुजेल पुस्तोलहरूका नाम सबै भुजेल भाषामा छन् तर अन्तिम पुस्तोलको नामचाहिँ खस भाषीहरूसँग उठबस भएकोले खस भाषामा रहेको छ (थुसिरोङ्, २०७८, पृ. ६७ र ६८)।

| पुस्ता | पुस्तोल (राजा) हरूका नाम | वर्ष (देखि-सम्म) | अवधि |
|---|---|---|---|
| पहिलोदेखि आठौंसम्म अज्ञात | | | |
| नवौं | पुस्तोल दिन्तोह् ले फ्हुगाल | वि. सं ८५० - ८९० | ४० वर्ष |
| दसौं | पुस्तोल वाङसो फ्हुगाल | वि .सं. -८९० - ९३५ | ४५ वर्ष |
| एघारौं | पुस्तोल नाखाओन फ्हुगाल | वि .सं. -९३५ - ९७० | ३५ वर्ष |
| बाह्रौं | पुस्तोल यामफूई घर्ती | वि.सं. -९७० - १००२ | ३२ वर्ष |
| तेह्रौं | पुस्तोल ह्यामतु घर्ती | वि .सं. -१००२ - १०५० | ४८ वर्ष |
| चौधौं | पुस्तोल रोगोई फ्हुगाल | वि .सं. १०५० - १०८० | ३० वर्ष |
| पन्धौं | पुस्तोल मिक्यान् घर्ती | वि सं. १०८० --११२१ | ४१ वर्ष |
| सोह्रौं | पुस्तोल सा खोङ घर्ती | वि .सं. -११२१ - ११५४ | ३३ वर्ष |
| सत्रौं | पुस्तोल मेकुनाल घर्ती | वि .सं. -११५४ - ११९२ | ३८ वर्ष |
| अठारौं | पुस्तोल लाहौ घर्ती | वि .सं. ११९२ - १२२६ | ३४ वर्ष |
| उन्नाइसौं | पुस्तोल गालो मुइक फ्हुगाल | वि .सं. -१२२६ - १२६८ | ४२ वर्ष |
| बीसौं | पुस्तोल खोदती फ्हुगाल | वि .सं. -१२६८ - १३०७ | ३९ वर्ष |
| एक्काइसौं | पुस्तोल सीन डी फ्हुगाल | वि .सं. १३०७ - - १३५१ | ४४ वर्ष |

| | | | |
|---|---|---|---|
| बाइसौं | पुस्तोल भुजङ्ग प्हुगाल | वि .सं. -१३५१ - १३७२ | २० वर्ष ८ महिना |

यस तालिकालाई केलाउदा प्रथमदेखि आठौं पुस्तासम्मको विवरण फेला पर्न सकेको छैन भने नवौं पुस्ताका दिन्तोहले पुख्यालदेखि बाइसौं पुस्ताका भुजङ्ग पुख्यालसम्म १४ जनाले करिब ८२० वर्ष आफ्नो एकल राज्य सञ्चालन गरेको पाइन्छ । यस अवधिमा छ जना घर्ती र आठ जना पुख्याल थर उल्लेख भएका ख्वरो (राजा) हरूले ५२२ वर्ष राज्य हाँकेको देखिन्छ भने वि.सं. ८५० भन्दा अगाडि आठौं पुस्तासम्मका अज्ञात भुजेल राजाहरूले करिव २९८ वर्ष राज्य स्थापना गरी निरन्तरता दिएको पाइन्छ । नवौंदेखि २२ पुस्तासम्मका राजाहरूको औषत शासन काल ३७ वर्षभन्दा बढी देखिन्छ । यसैलाई आधार मान्दा प्रथमदेखि आठौं पुस्तासम्मको शासन अवधि २९८ वर्ष उल्लेख गरिएको हो । यसरी हेर्दा वि.सं. ५२० देखि १३७२ सम्म जम्मा ८२० वर्ष राज्य चलाएको देखिन्छ । माथि उल्लिखित ख्वरो (राजा) हरूमध्ये सबैभन्दा बढी तेहौं पुस्ताका ह्याम तु घर्ती (वि.सं. १००२–१०५०) ले ४८ वर्ष तथा सबैभन्दा कम अन्तिम भुजेल राजा भुजङ्ग पुख्याल (वि.सं. १३५१–१३७२) ले २१ वर्ष राज्यसत्ताको सञ्चालन गरेको देखिन्छ (थुसिरोङ्, २०७८) ।

## राजकाज/शासन सञ्चालनमा संलग्नता

विभिन्न इतिहासहरू हेर्दा फेरबदल भएका राज्यसत्ताहरूमा यस जातिका मान्छेहरू कुनै न कुनै प्रकारमा सहभागी रहेको देखिन्छ । राजकाज वा शासन चलाउनमा विभिन्न पात्रहरूको फरक फरक भूमिका अवश्य हुन्छ । योग्यता र क्षमताका आधारमा पृथक जिम्मेवारी निर्धारण हुने गर्दथ्यो । त्यो बेलाको राजकाजमा अनेक खालका घटना र षडयन्त्रहरू हुने गर्दथे । नेपालको राजकाजको इतिहासमा अहम् भूमिकामा रहेका धेरै पात्रहरूको उच्चासन र अवसान भएको पाइन्छ । यस्तै मध्येका दामोदर पाँडेका साथ यिनका ज्येष्ठ पुत्र ललितवम पाँडे, टक्सारी भीम खवास, भीम खवासका तीन भाई छोराहरू, द्वारे समनसिंह, सुबेदार शङ्खधर इत्यादिलाई पनि भद्रकालीमा काटियो (उपाध्याय, २०५५, पृ. १९७) । त्यस्तै रणबहादुर शाहले मुख्तियार भएको २० दिनपछि काजी त्रिभुवन खवासलाई कैद गरेर सर्वश्वहरण गरे । त्यसपछि रणबहादुर शाहले त्रिभुवन खवासको सरकारीकरण गरिएको घरमा बस्न थाले । त्रिभुवन खवासमाथि अङ्ग्रेजहरूको आवासीय दूतावास भवनको निर्माण गर्न १८ हजार रुपियाँ लिएको आरोप लगाई विष्णुमतीमा काट्न पठाइयो । त्यसै बखत त्रिभुवन खवासले यस काममा आफू मात्र दोषी नभई राज्यका अन्य ठूल्ठूला भारदारहरू पनि संलग्न भएकाले जाँचबुझ गरियोस् भनी बिन्तीपत्र चढाए । यसै बिन्तीपत्र अनुसार त्रिभुवन खवासलाई नकाटेर फिर्ता ल्याई यिनकै घरमा कैद गरियो । मार्च १८०६ मा मुख्तियार रणबहादुर शाहले त्रिभुवन खवासको मुद्दाको छानबनि गर्न रातको समयमा भारदारी सभा बोलाए (उपाध्याय, २०५५, पृ. १९८) । १८३१ पछि सरकारबाट विजयपुर प्रदेशको प्रशासनको लागि सुब्बाहरू रहन लागे । त्यस बेलाका सुब्बा २०४० सालतिर अञ्चलाधीश वा क्षेत्रीय प्रशासकसरह हुन्थे । १५ वटा सुब्बा मध्येमा १८५५ मा सुब्बा गर्भु खवास रहेको विवरण देखिन्छ (नेपाल, २०४०, पृ. २८१) । यि घटनाक्रममहरूले तत्कालीन राज्य सञ्चालन तथा शासन सञ्चालनमा यस जातिका अगुवाहरूले प्रदान गरेको योगदानलाई प्रष्ट पार्दछ ।

राज्यको सुरक्षाका जुनसुकै मोर्चामा यस जातिका मान्छेहरू सहभागी भएको अवस्था देखिन्छ । वि.सं. १८६४ सालको बाग्यान बिद्रोहमा श्री ५ को सरकारबाट काजी देवदत्त लामालगायत पुराना गोरखाका सुबेदार अम्भोज खवास ...... समेत खटिए (दिक्पाल, २०७६, पृ. ११) । वि.सं. १८६४ सालमा मच्चिएको यो बिद्रोहमा बाहुन, क्षेत्री, खम्बू (राई) तथा घर्ती गरी १९ जना सजायको भागिदार बने । बाहुनको ज्यान नलिने गोरखाली राजाको नीति भएकोले उनीहरूलाई चारपाटा मुडी जात पतित गर्ने सम्मको सजाय भयो तर क्षेत्री, राई र घर्तीहरू सबैको ज्यान हरण गरियो (दिक्पाल, २०७६, पृ. ५५) । यो बिद्रोहमा पाँच जना घर्तीहरू पनि सामेल थिए । कनकसिंह घर्ती, केसर घर्ती, धीजे घर्ती, बन्दु घर्ती र गजसिंह घर्तीलाई पनि काटियो । उनीहरूका छोराको अंश र कपीला (सन्तान) लाई छाडियो (दिक्पाल, २०७६, पृ. ५६) ।

गुल्मी धुर्कोटका राजा जुम्लाबाट आएका थिए । उनका साथमा भारदारहरू खड्का, क्षत्री, भण्डारी, आचार्य, पोखरेल, पन्थी, ब्राह्मण, थापा, घर्ती, जोसी, कुँवरहरू समेत आएका थिए (सुवेदी, २०५५, पृ. ६९) । धुर्कोट रजस्थल मौजाका जिम्मावाल मुखियामा थापा तथा तालुकदारमा घर्ती, क्षेत्री, खवास थिए (सुवेदी, २०५५) । राजा राजेन्द्रको पालामा सरकारका उच्च पदका चार काजी मध्ये एक जना जनरल गगनसिंह खवास थिए । वि.सं. १९०३ को कोतपर्वमा जङ्गबहादुरको षडयन्त्रबाट गगनसिंह खवास नमारिएका भए प्रधानमन्त्री बन्ने निश्चित भएको कुरा इतिहासकारहरू बताउँछन् (उपाध्याय, २०५५, पृ. २४८) । वि.सं. १९१० मा मुलुकी ऐन लागू गर्दा राजी भारदारको व्यवस्था गरिएको थियो । जसमा जग्यबहादुर घर्ती र लेप्टेन चम्पसिंह घर्ती पनि थिए (भुजेल जागरण, २०६२, पृ. २८) । गोरखा राज्यको स्थापना गर्दा द्रव्य शाहलाई सबैभन्दा ठूलो सहयोग पुऱ्याउँने मुरली खवास थिए (भुजेल र तामाङ्, २०५८, पृ. २८) । यस तथ्यबाट उनीहरूले कस्तो खालको साथ सहयोग गरेका थिए भन्ने कुरा छर्लङ्ग हुन्छ ।

पाल्पाका कमाण्डर इनचिफ जनरलले पत्याउँने एक व्यक्ति तालुकी कबल गर्दा गुल्मी पुर्कोट तल्लावनका घर्तीलाई छानेका थिए (घर्ती, २०६७, पृ. ३४) । २००७ को प्रजातान्त्रिक आन्दोलनका क्रममा भैरहवाको प्रजातान्त्रिक आन्दोलनको मोर्चा लिने क्रममा पूर्वी किल्लामा हिन्दूस्थान सुवासचन्द्र वोसका साथ लडेका लेफ्टिनेन्ट देवीबहादुर घर्तीले पनि ब्रेनगन लिई लगभग सय मुक्ति सेनासहित डिफेन्स लिएर बसेका थिए । २००७ को भारदारी सभाका एक निर्वाचित सभासद् रणबहादुर घर्ती गुल्मीका थिए (घर्ती, २०६७, पृ. ३०) । वडा अध्यक्षदेखि मन्त्रीसम्म बन्न सफल व्यक्तित्व बालाराम घर्ती (मगर) रोल्पाका हुन् । उनलाई पञ्चायतका हस्ती मानिन्थ्यो । पञ्चायतका ३० वर्ष र बहुदलका ८ वर्ष गरी ३८ वर्ष सबैभन्दा लामो अवधि सांसद हुने व्यक्ति उनै बालाराम हुन् । उनी २०१८ सालमा वडा सदस्य निर्वाचित भएका थिए भने २०१९ सालदेखि २०५१ सम्म ७ पटक रोल्पाबाट निर्वाचित भए (टुडे, २०७४, पृ. दृष्टिकोण) ।

राज्यबाट उपेक्षित तथा पीडितहरूले शासनमा आफ्नो सहभागिता खोज्न समाजमा रहेका विभिन्न खालका भेदभाव, उत्पीडन, दमन, शोषण, उचनिचको व्यवहारका विरुद्धमा र त्यस्तो अन्यायका लागि एकल वा

सामुहिक रूपमा उठाएको कदम साहसिक मानिन्छ । विशेषगरी जनयुद्धको समयमा विभिन्न जिल्लाबाट अर्घाखाँचीमा आएका नेता कार्यकर्ता तथा अर्घाखाँचीकै यस जातिका १० जना व्यक्तिहरूको बलिदान भएको पाइन्छ (दर्लामी, २०७७, पृ. १६२–३१५) । यि नामहरूलाई हेर्दा यस जातिका मान्छेले त्यस्तो समय परिस्थिति र भौगोलिक विकटतामा रहेर पनि आमूल परिवतर्नका लागि गरेको अतुलनीय योगदानको कुराले थप प्रष्ट हुन्छ । यसैगरी अन्य जिल्लाहरूको बारेमा पनि यस्ता खालका तमाम योगदानहरू देख्न नसकिने होइन । यो जिल्लाको विवरण केवल उदाहरणको रूपमा राखिएको हो ।

देशमा गणतन्त्र आएपछि संस्थागत हुने क्रम चलिरहेका राजनीतिक घटनाक्रम सोचेभन्दा फरक हुदै गए । पहिलो संविधानसभाको कार्यकाल समाप्त भएपश्चात राजनैतिक वृत्तबाट शासन सञ्चालन गर्न सक्ने वातावरण नदेखिएपछि स्थायी सरकार (कर्मचारी) बाट अगाडि बढाउन सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा २०६९ सालमा मन्त्रिपरिषद् परिषद गठन भयो । यसै मन्त्रिपरिषद् (२०६९।१२।०१ देखि २०७०।१०।२८ सम्म) को एक सदस्यमा लमजुङका टेक बहादुर घर्ती थापा (पूर्व कृषि सचिव, २०६४।०८।०६ देखि २०६५।१२।०१ सम्म), कृषि विकास, वन तथा भूसंरक्षण मन्त्रालयको मन्त्री हुनुभयो (opmcm.gov) । यस मन्त्रिपरिषद्ले सकुशल रूपमा आफ्नो कार्यभार पुरा गरी निर्वाचित जनप्रतिनिधिको सरकारलाई शासन सुम्पियो ।

**निर्वाचनहरूमा घर्ती/भुजेल**

राज्य/शासन सञ्चालन गर्नका लागि जाने वा सत्ता सञ्चालकहरूको फेरवदल वा नविकरण गर्ने माध्यम आम निर्वाचन हुने गर्दछ । त्यसैले यस सम्बन्धी केही विवरणहरू राख्न खोजिएको छ । आदिवासी/जनजातिका लागि आरक्षणको प्रावधानले घर्तीहरूको शासनमा पहुँच विस्तार गरेको छ । २०४८ को संसदीय, २०४९ को स्थानीय, २०५१ को मध्यावधि, २०५४ को दोस्रो स्थानीय तथा २०५६ को संसदीय निवार्चनहरूले जगाएको परिवर्तनले सबैलाई हौसला थपेको देखिन्छ । त्यसैगरी २०६४ को ऐतिहासिक संविधानसभा तथा २०७० मा भएको दोस्रो संविधानसभाको मिश्रित निर्वाचन प्रणालीको नतिजाले पनि यसै कुरालाई आत्मसाथ गरेको थियो । २०७४ र २०७९ को संघीय, प्रदेश तथा स्थानीय तहको निर्वाचन प्रणालीमा घर्ती/भुजेल समुदायका व्यक्तिहरू जि.स.स. का पदाधिकारी, नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यजस्ता पदमा निर्वाचित भएका उदाहरणहरू छन्, जसले स्थानीय नीति निर्माणमा प्रत्यक्ष रूपमा प्रभाव पारेका छन् । घर्ती समुदायका सदस्यहरू राष्ट्रिय तथा क्षेत्रीय राजनीतिक दलमा सक्रिय छन् र केही केन्द्रीय नेतृत्वसम्म पुगेका छन् । आर्थिक, शैक्षिक र राजनीतिक पहुँचको असमानताले अझै पनि शासनमा पूर्ण सहभागितामा अवरोध पुऱ्याइरहेको छ (Bhattachan, 2015) ।

२०६४ को संविधानसभा निर्वाचनको परिणामले प्रत्यक्ष र समानुपातिक गरी जम्मा ६०१ जना सभासदहरूमा २१५ जना अर्थात ३५.७८ प्रतिशत जनजातिहरू रहेको देखाउँछ । जुन तथ्यमा घर्ती/भुजेल

जातिका १ जना (उमा भुजेल, नेकपा माओवादी केन्द्र) मात्र त्यो पनि समानुपातिकमा परेको देखिन्छ । २०७० सालको संविधानसभा निर्वाचनको प्रत्यक्षतर्फ यस जातिका उम्मदेवार १६ जना (महिला २ र पुरुष १४ जना) १३ वटा फरक फरक दलहरूबाट बनेको अवस्था छ । विभिन्न ११ जिल्लामा पाँचौदेखि माथिको स्थान प्राप्त गरेका थिए (घर्ती, २०६७, पृ. १६) । समानुपातिक सूचीमा ४२ जना समावेश भएकोमा ५ जना (महिला २ र पुरुष ३ जना) दुई दलबाट रहेको देखिन्छ (घर्ती, २०६७, पृ. १७ र १८) । २०७४ को स्थानीय तह सदस्य निर्वाचनमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र वडा अध्यक्षहरूको विवरण हेर्दा ४० जिल्लाका १०९ स्थानीय तहमा १७६ जना यस जातिको तर्फबाट निर्वाचित भएको देखिन्छ । यसैगरी वडा सदस्यहरू यो संख्याको तीन गुणा बढि रहेको अवस्था छ (घर्ती, २०६७, पृ. १९-२९) । २०७४ सालमा प्रतिनिधसभा सदस्यहरू २६४ जनामा ३ जना (ओनसरी घर्ती, कमला रोका र जयपुरी घर्ती) को प्रतिनिधित्व नेकपा माओवादी केन्द्रबाट भएको थियो । खासमा घर्ती थर भुजेलमै रहे पनि अहिले रोल्पा क्षेत्रमा मगरकै बाहुल्यता भएकोले यस जातिको संख्या घट्दै गएको देखिन्छ भने पूर्वतर्फ रोका र पश्चिमतर्फ रोकाय थर क्षेत्रीमा रहेको पाइन्छ । पछिल्लो समयमा यस जातिको जनसङ्ख्या र सहभागिता घट्दै गएको देखिन्छ ।

२०७९ सालको निर्वाचनमा प्रतिनिधसभा सदस्यहरू २७५ जनामा इश्वरी घर्ती (नेकपा एमाले) र पूर्ण बहादुर घर्ती (नेकपा माओवादी केन्द्र) हुनुहुन्छ । जिल्ला समन्वय समितितर्फको नतिजालाई हेर्दा कोशी, मधेस र बाग्मती बाहेक ४ वटा (गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम) प्रदेशका १० जिल्लामा प्रमुख, उपप्रमुख तथा सदस्य गरी १३ जना निर्वाचित हुनुभएको देखिन्छ भने स्थानीय तह सदस्य निर्वाचनमा २०७४ सालकै हाराहारीमा सहभागिता जनाएको पाइन्छ । (निर्वाचन परिणाम, २०७९) । पछिल्ला निर्वाचनहरूले सबैभन्दा धेरै महिला, त्यसपछि आदिवासी/ जनजाति र दलितलगायतलाई पदमा पुग्ने अवसर प्रदान गरेको छ । विशेष गरी घर्ती/भुजेल जातीय समुदायको सहभागिताको स्पष्ट आँकडा वा प्रतिनिधित्वको विवरण प्रष्ट रूपमा फेला पर्दैन । यद्धपि, स्थानीयस्तरमा घर्ती र भुजेल थरका उम्मेदवारहरू विभिन्न पदहरूको लागि चुनावमा भाग लिएका पाइन्छन्, जसमध्ये केही विजयी पनि भएका छन् । जस्तैः स्याङ्जा जिल्ला समन्वय समितिको प्रमुखमा श्रीप्रसाद घर्ती (जी.टी.) रुकुम पूर्व, पुथाउत्तरगङ्गा गाउँपालिकाको अध्यक्षमा पुनीराज घर्ती र काभ्रेपलाञ्चोक, भुम्लु गाउँपालिकाको अध्यक्षमा प्रेमबहादुर भुजेल निर्वाचित हुनुभयो । सिन्धुली, फिक्कल गाउँपालिकामा नृप बहादुर भुजेल अध्यक्षका उम्मेदवार हुनुहुन्थ्यो (निर्वाचन परिणाम, २०७९) ।

## निष्कर्ष

प्राचीन नेपालदेखि गणतन्त्रात्मक नेपालसम्म आइपुग्दा सञ्चालित विभिन्न खालका दर्जनौं राज्यसत्ताहरूले आफ्ना शासनहरू आफ्नै तरिकाले चलाए । आफ्ना पाराले शासन सत्ता चलाउन खोज्दा कतै बिलाउदै जाने र कतै उदाउदै गएको देखिन्छ । उनीहरूले चलाएका अनेक खालका अभियानले राजनीति, समाज, संस्कृति, जातजाति, प्रथापरम्परा, चालचलन आदिमा सकारात्मक वा नकारात्मक दुबै प्रभाव पारेको पाइन्छ । तत्कालीन राज्यसत्ताले

विभिन्न जातजातिको आफ्नो पहिचानलाई कायम राख्न वा उजागर गर्न वा निस्तेज गर्नका लागि चालिएका कदमहरूले कुनै जाति फैलदै गए भने कुनै जातिहरू हराउदै गए । यस जातिका हकमा पनि तत्कालीन राज्यसत्ताले अंगिकार गरेका नीति, नियम तथा क्रियाकलापहरूले गर्दा नै यस्तो अवस्था आएको हो । यस अनुसन्धानले घर्ती/भुजेल समुदाय नेपालको ऐतिहासिक, प्रशासनिक तथा समकालीन शासन संरचनामा निरन्तर रूपमा सहभागी रहँदै आएको तथ्यलाई स्पष्ट गरेको छ । स्थानीय शासन, सामुदायिक नेतृत्व, सुरक्षा व्यवस्थापन तथा राज्यका आधारभूत प्रशासनिक अभ्यासहरूमा यस समुदायका व्यक्तिहरूको संलग्नता रहेको देखिन्छ । संघीय शासन प्रणालीको स्थापनापश्चात् पनि स्थानीय तहहरूमा जनप्रतिनिधित्व, सामाजिक परिचालनजस्ता प्रक्रियामा उनीहरूको भूमिका विस्तार हुँदै गएको छ । आफ्नो जातीय समुदायको यथार्थ पहिचान र हितका लागि सबै घर्ती/भुजेल/खवास बन्धुहरू एकै विचारबाट अगाडि बढ्नु पर्दछ । यस जातिका अगुवा, अग्रज, लव्धप्रतिष्ठित, समाजसेवी एवम् जाने बुझेकाहरूले आफ्ना सदस्यलाई राज्य तथा शासन सञ्चालनका क्रममा जनजातीय अग्रताका लागि नमूना बनेर देखाउनु पर्दछ । यस जातिको इतिहास, स्थान, संस्कृति, संस्कार, भाषा, धर्म, कर्म, चालचलन, रीतिस्थिति, लबाइखबाई आदिलाई जीवन्त पार्नका लागि राज्यका तर्फबाट आवश्यक पर्ने नीति निर्माणमा सक्रियता देखाउनु पर्ने अवस्था आएको छ । आदिवासी जनजातिको उत्थान, पहिचान र व्यापकताका लागि वर्तमान राज्यसत्ता/सरकारले केही गर्न खोजेको देखिन्छ । विशेषगरी बहुदलीय व्यवस्थामा आदिवासीहरूको सूचिकरण तथा संस्थागत विकास, लोकतान्त्रिक कालमा समावेशी नीतिको अवलम्बन र कार्यान्वयन तथा वर्तमान गणतन्त्रात्मक व्यवस्थामा आदिवासी जनजाति आयोग, समावेशी आयोग, भाषा आयोगलगायतमार्फत थप व्यवस्थित गर्न खोजेको देखिन्छ । यसै समयमा सम्बधित् जनजातिहरूले पनि आफ्नो सही इतिहासलाई थप प्रष्ट पार्न खोजको पाइन्छ । समावेशीकरणका संवैधानिक तथा नीतिगत प्रावधानहरू हुँदाहुँदै पनि राज्य संयन्त्रमा यस समुदायको योगदान, पहुँच र नेतृत्व तहमा प्रतिनिधित्व र निर्णय प्रक्रियामा प्रभाव अझै समानुपातिक नभएको अवस्था छ । प्रायः मौखिक इतिहास र स्थानीय अभ्यासमा सीमित रूपमा संरक्षित रहेको देखिन्छ । यसका लागि लक्षित समावेशी नीति, क्षमता विकास कार्यक्रम, स्थानीयदेखि केन्द्रीय तहसम्म प्रतिनिधित्वको अवसर विस्तार तथा समुदाय-केन्द्रित कार्यलाई प्राथमिकता दिनु आवश्यक छ । जातीय-श्रेणीमा आधारित सत्ता संरचनाले केन्द्रीयस्तरमा उनीहरूको पहुँच न्यून बनायो तर आजको गणतान्त्रिक व्यवस्थाले संवैधानिक अधिकार, आरक्षण र शैक्षिक अवसरका माध्यमबाट उनीहरूको प्रतिनिधित्वमा वृद्धि गरेको छ । यद्यपि, आर्थिक र शैक्षिक असमानताका साथै राजनीतिक पहुँचको कमी जस्ता चुनौतीहरू अझै बाँकी छन् । दीर्घकालीन रूपमा शासनमा समान र प्रभावकारी सहभागिता सुनिश्चित गर्न यी अवरोधहरू हटाउनका लागि सबै एकजुट हुनुपर्ने आवश्यकता छ ।

## सन्दर्भसामग्री

अधिकारी, बमबहादुर (२०६९), *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास*, काठमाडौः स्वदेश प्रकाशन

उपाध्याय, श्रीरामप्रसाद (२०५५), *नेपालको इतिहास*, काठमाडौंः रत्न पुस्तक भण्डार ।

गुरुङ ए. (२०१०), *नेपालका आदिवासी जनजाति र स्थानीय शासन अभ्यास*, काठमाडौं: सामाजिक अध्ययन प्रतिष्ठान।

घर्ती, विष्णु 'भनभनेली' (२०६७), *घर्ती/भुजेलहरू* (गुल्मी जिल्लामा प्रथम खोज), गुल्मीः भुजेल समाज।

घर्ती, विष्णु 'भनभनेली' (२०७४), *घर्ती/भुजेल सम्पर्क श्रोतहरू*, रूपन्देहीः घर्ती/भुजेलसम्पर्क समाज।

घर्ती, विष्णु 'भनभनेली' (२०८१), *सीमान्तकृत जातिः घर्ती/भुजेल*, समाज अन्वेषण, काठमाडौः नेपाल प्रज्ञा प्रतिष्ठान Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025

थुसिरोङ् प्हुगाल, लक्ष्मण (२०७८), *भुजेलका ऐतिहासिक पाइलाहरू*, काठमाडौः डेडिलिन पब्लिकेसन।

दर्लामी, जेबी (२०७७), *नेपालको राजनीतिमा अर्घाखाँचीः* विष्णु बहादुर सिंह।

दिक्पाल, राजकुमार (२०७६), आदिबासी विद्रोहको इतिहास, काठमाडौंः मञ्जरी पब्लिकेसन, पुतलीसडक।

नेपाल, ज्ञानमणि (२०४०), *नेपाल निरुक्त,* ललितपुरः साझा प्रकाशन, पुलचोक।

भट्टराई बी. (२०१८), *नेपालमा परम्परागत शासन र आधुनिक राज्य निर्माण: एक अध्ययन,* काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।

भुजेल, अमृतसिंह (२०६२), *भुजेल जाति र जीवन पद्धति*, काठमाडौः भुजेल समाज सेवा, केन्द्रीय समिति।

भुजेल, बाबुराम र तामाङ्, अमृत "योञ्जन" (२०५८), *भुजेल जाति र भाषा*, काठमाडौंः भुजेल समाज।

रिजाल एच. (२०६२), *स्थानीय शासन संरचना र समुदायको भूमिका,* काठमाडौं: साझा प्रकाशन।

रेग्मी, दानराज (२०६८), *भुजेल भाषाको व्याकरण*, काठमाडौः भुजेल समाज सेवा, केन्द्रीय समिति।

शाह, टी. (२०५५), *पश्चिम नेपालका स्थानीय शक्ति संरचना*, काठमाडौं: रत्न पुस्तक भण्डार।

सुवेदी, राजाराम (२०५५), *गुल्मीको ऐतिहासिक झलक*, गुल्मीः किरण पुस्तकालय, तम्घास।

............ (२०३१), *पश्चिमाञ्चल विकास क्षेत्रः मेचीदेखि महाकालीसम्म (भाग ३),* काठमाडौः श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग।

............ (२०६२), *भुजेल जागरण,* वर्ष १, अंक १, काठमाडौंः भुजेल जाति अध्ययन मञ्च।

............ (२०७२), *नेपालको संविधान,* काठमाडौः कानुन किताब व्यवस्था समिति, बबरमहल।

............ (२०७४), *दृष्टिकोण/विविध,* रुपन्देहीः बुटवल टुडे, दैनिक, बुटवल।

............ (२०७७), *नेपाली बृहत् शब्दकोश*, काठमाडौं: नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादी।

............ (२०८०), *स्थानीय इतिहास र संस्कृति*, बाग्लुङ्ग: ढोरपाटन नगरपालिका, बुर्तिवाङ ।

Adhikari, R. (2020). *Local governance and decentralization in Nepal*. Kathmandu: Mandala Publications.

Baral, L. R. (2012). *Nepal: Political institutions and governance*. New Delhi: Oxford University Press.

Bhattachan, K. B. (2015). *Ethnopolitics and ethnonationalism in Nepal*. Kathmandu: Central Department of Sociology/Anthropology, Tribhuvan University.

Gurung, H. (2075), *History and Culture of the Indigenous Peoples of Nepal:* A Study. Pokhara: Manjari Publications.

https://result.election.gov.np/

https://www.opmcm.gov.np/

Lama, M. (2014). *Social Inclusion and Federalism in Nepal*. Kathmandu: Centre for Social Change.

Subba, T. B. (1999). *Dynamics of a Tribal Society: The Limbu of the Eastern Himalayas*. New Delhi: Mittal Publications.

UNDP. (2015). *Inclusive Governance for Sustainable Development*. New York.

Weber, M. (1978). *Economy and society: An outline of interpretive sociology* (G. Roth & C. Wittich, Eds.). Berkeley, CA: University of California Press.